# ALL INDIA RADIO GANGTOK

# NEPALI NEWS BULLETIN

## BROADCAST: 18:40 hrs Date: 20.09.2025

***मुख्यमन्त्री: रिवेक राज तामाङ***

सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामाङले हिजो सुरक्षा अनुसन्धानकर्ता र नैतिक ह्याकर रिवेक राज तामाङसँग अन्तरक्रिया गर्नुभयो, जसलाई हालै राष्ट्रिय वैमानिकी तथा अन्तरिक्ष प्रशासनबाट दुऊवटा मान्यता पत्रले सम्मानित गरिएको छ। मुख्यमन्त्रीले अन्तरक्रियाको क्रममा रिवेकको नम्रता, समर्पण र उनले आफ्नो यात्रा र आकांक्षाहरू साझा गरेको स्पष्टताबाट आफू गरिहो र आकांक्षाहरू साझा गरेको स्पष्टताबाट आफू गहिरो रूपले प्रभावित भएको बताउनुभयो मुख्यमन्त्रीले थप भन्नुभयो उनको उपलब्धि व्यक्तिगत प्रतिभाको चम्किलो उदाहरण हो र विज्ञान, प्रविधि र नवप्रवर्तनमा उत्कृष्ट हुन चाहने सिक्किमका अनेकौ युवा दिमागहरूका लागि प्रेरणाको दीपस्तम्भको रूपमा काम गर्नेछ।

***सेवा- सुशासन***

सेवा र सुशासनबाट प्रेरित भएर, प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा, सरकारले परिवर्तन र प्रगतिका लागि अधक प्रयास गरि रहेकोछ। आज, यो विशेष श्रंखला सेवा पर्व- मा हामी तपाईहरूका लागि मोदी सराकरले वैश्विक स्तरमा स्वास्थ्य प्रणालीलाई कसरी दरिलो पारेकोछ, र गुणस्तरीय स्वास्थ्य सेवा सम्मको पहुँच मानिसहरू सम्म कसरी सुनिश्चित गरेकोछ त्योबारे लिएर आउँदैछऊँ।

***इन्द्र हाँङ***

सांसद इन्द्र हाङ सुब्बा हिजो श्रीमती कनिमोझी करूणानिधिको अध्यक्षतामा आयोजित खाद्य, सार्वजनिक वितरण र उपभोक्ता मामिला सम्बन्धी स्थायी समितिको बैठकमा उपस्थित हुनुभयो। बैठकको क्रममा, मन्त्रालयले के जानकारी दियो भने, मेरा राशन मोबाइल एप्लिकेसन हाल 13 भारतीय भाषाहरूमा उपलब्ध छ। श्री सुब्बाले सबै नागरिकहरू विशेष गरी आफ्नो गृह राज्य सिक्किमका लाभार्थीहरूको लागि पहुँच सुनिश्चित गर्ने भनि नेपाली भाषालाई समावेश गर्न विशेष जोड़ दिँदै, आठ अनुसूचीका सबै 22 मान्यता प्राप्त भाषाहरूलाई समेट्ने गरी सो एप्लिकेशन विस्तार गर्न आग्रह गर्नुभयो।

***पर्यटन विभाग: C S Rao***

पर्यटन तथा नागरिक उड्डयन विभागका अतिरिक्त मुख्य सचिव सीएस रावले आज बिहान पर्यटन भवन, पर्यटन तथा नागरिक उड्डयन विभागबाट तारालोक फाउन्डेसन अन्तर्गत सिक्किम ह्याप्पिनेस होम, स्यारीका विद्यार्थीहरूको लागि भ्रमणको सुरूवात गर्नुभयो। राज्य स्थापनाको 50 वर्ष र सेवा पखवाड़ाको एक भागको रूपमा, यो भ्रमण सिक्किम सरकारको पर्यटन तथा नागरिक उड्डयन विभागले भारतीय पर्यटन केन्द्र चेम्चेसँगको सहकार्यमा र होटल प्रबन्धन संस्थान को समर्धनमा आयोजना गरेको हो। कार्यक्रमको उद्देश्यबारे जानकारी दिँदै श्री रावले दुई दिने

भ्रमणले, नाम्ची जिल्लालाई समेट्ने बताए, जसमा चार धाम, साई मन्दिर, बुद्ध पार्क र टेमी चिया बगान जस्ता तीर्थयात्रा र सांस्कृतिक स्थलहरूको भ्रमण समावेश छ। विद्यार्थीहरूले साहसिक पर्यटन गतिविधिहरू अवलोकन गर्न र सिक्न चेम्चेको पनि भ्रमण गर्नेछन्। उहाँले भन्नुभयो सिक्किम ह्याप्पिनेस होमका निर्देशक तथा संस्थापक ग्यात्सो भुटियाको नेतृत्वमा कुल 22 विद्यार्थीहरूले भ्रमणमा भाग लिइरहेका छन्।

---

***विश्वनाथ सोमद्दर***

सिक्किम उच्च अदालतका मुख्य न्यायाधीश न्यायमूर्ति विश्वनाथ सोमद्दरले आज याङगाङमा उप- विभागीय अदालत परिसर निर्माणको शिलान्यास गर्नुभयो। सिक्किम उच्च अदालतका न्यायाधीशहरू मीनाक्षी मदन राई र भास्कर राज प्रधान पनि सम्मानित अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो।

---

***ए डि बी: सिक्किम***

एसियाली विकास बैंक (एडिबी) ले सिक्किमका सात शहरहरूमा शहरी सेवाहरू बढ़ाउन, गतिशीलता तीव्र पार्न र जलवायु लचिलोपनलाई बलियो बनाउन. एक सय उनासी मिलियन डलर ऋण स्वीकृत गरेको छ। सिक्किम एकीकृत शहरी विकास परियोजनाले गान्तोक, ग्यालशिङ, मङगन, पाकिम, रम्फू, सिंगताम र सोरेङमा पानी आपूर्ति, सरसफाई, शहरी गतिशीलता र आपदा तयारीको स्तरलाई उन्त पार्नेछ मुख्य घटकहरूमा पानी र सरसफाई, शहरी गतिशीलता, लचिलोपन र आपदा तयारी आदि समावेश छन्।

---

***रारी आयुर्वेद दिवस***

क्षेत्रीय आयुर्वेद अनुसन्धान संस्थान, रारी, गान्तोकले, 10 औं आयुर्वेद दिवस समारोह 2025 को एक भागको रूपमा पत्रकार सम्मेलनको आयोजना गर्दैछ। यो कार्यक्रम 23 सेप्टेम्बरका दिन दिउँसो 2:30 बजे क्षेत्रीय युर्वेद अनुसन्धान संस्थान, तादोङ, गान्तोक, सिक्किकममा आयोजना हुने तय गरिएको छ। पत्रकार सम्मेलनले आयुर्वेद दिवस समारोह अन्तर्गत कार्यक्रमको विषयवस्तु, उप- विषयवस्तु, उद्देश्य र महत्व समावेश भएका योजनाबद्ध गतिविधिहरू, प्रकाश पार्नेछ।

---